April 29, 2009

गोरखापत्र

# जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न जोड

गोरखापत्र समाचारदाता

काठमाडौँ, वैशाख १५ गते । जलवायु परिवर्तनले विश्वभर आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षेत्रमा पारिरहेको प्रभावलाई नेपालले पनि आत्मसात् गर्दै राष्ट्रिय कार्यसूचीको विषय बनाउन जोड दिइएको छ ।

तमाम प्राकृतिक स्रोतहरू जलवायु परिवर्तनको असरबाट अछूतो नरहेकाले प्रभावकारी नीति र कार्यक्रमद्वारा अगाडि बढ्न मूल राष्ट्रिय कार्यसूची आवश्यक परेको पनि जानकारहरूको ठम्याइ छ ।

स्वयंसेवकहरूको अन्तर्राष्ट्रिय संस्था एफ के नेटवर्कले जलवायु परिवर्तनबारे सञ्चारकर्मीसित गरेको अन्तरक्रियामा विज्ञहरूद्वारा यस्तो धारणा राखिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वातावरण, विज्ञान तथा प्रविधिमन्त्री गणेश साहले जलवायु परिवर्तनका विषय समाजका सम्पूर्ण पक्षसँग सरोकार राख्ने भएकाले सँगसँगै हिँड्नुको विकल्प नरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, जल, जमिन र जङ्गल सबैमा जलवायु परिवर्तन असर परिरहेको छ र त्यसको सम्बन्ध र प्रभाव प्रत्येक मानिससित सम्बन्धित छ ।

"ढिलै भए पनि यसमा राष्ट्रिय नीति बन्दै छ, त्यसको कार्यान्वयनमा सञ्चारकर्मीको भूमिका महत्त्वपूर्ण हुनेछ", मन्त्री साहको भनाइ छ ।

कार्यक्रममा चारवटा छुट्टाछुट्टै कार्यपत्रमाथि छलफल गरिएको थियो । एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)का अरुणबहादुर श्रेष्ठ, जलवायु इन्जिनियर डा. आदर्श पोखरेल, वटुकृष्ण उप्रेती र योगेन्द्रमान श्रेष्ठले जलवायु परिवर्तनका बहुपक्षीय प्रभाव एवं सञ्चारकर्मीको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका महासचिव पोषण के.सी., दक्षिण एसियाली स्वतन्त्र पत्रकार संस्था (साफ्मा)का अध्यक्ष शिव गाउँलेलगायतले विश्वलाई नै प्रभाव पारिरहेको जलवायु परिवर्तनका विषयवस्तुलाई नेपाली पत्रकारिताले हात हाल्न ढिला भइसकेको बताउनुभयो ।